# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक

राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १९८ | शुक्रवार, १८ वैशाख, २०८३ | Friday, 1 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०







# निजी विद्यालयको चर्को भर्ना शुल्कको मारमा अभिभावक

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १७ वैशाख

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २२ चैत २०८२ मा जारी गरेको निर्देशन विपरित सुर्खेतका निजी विद्यालयहरूले अभिभावकबाट चर्को भर्ना शुल्क असुल्ने क्रम रोकेका छैनन् ।

मन्त्रालयले शैक्षिक सत्र सुरु हुनुअघि नै कानुनविपरीत उठाइएको भर्ना शुल्क तत्काल फिर्ता गर्न तथा दोषी विद्यालयलाई कारबाही गर्न देशभरका ७५३ वटै स्थानीय तहलाई आग्रह गरेको थियो । मन्त्रालयले प्रचलित कानुन र सर्वोच्च अदालतको आदेशविपरीत शुल्क लिने विद्यालयलाई कारबाहीको दायरामा ल्याउन स्पष्ट निर्देशन दिएको छ ।

साथै 'संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२' ले तोकेबाहेक अन्य कुनै पनि शीर्षकमा उठाइएको शुल्क फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन स्थानीय तहहरूलाई अनुरोध गरिएको छ । तर सुर्खेतका स्थानीय तहहरूले यस विषयमा प्रभावकारी अनुगमन नगरेको आरोप अभिभावकहरूले लगाएका छन् ।

नियामक निकायको उदासीनताका कारण सुर्खेतमा रहेका सयौं निजी विद्यालयहरूले भर्ना शुल्क, वार्षिक शुल्क, विकास शुल्क, पूर्वाधार शुल्क लगायत विभिन्न नाममा चर्को रकम असुलिरहेका छन् । सामाजिक सञ्जालमा सार्वजनिक भएका विभिन्न बिल तथा रसिदहरूमा एउटै विद्यार्थीबाट भर्ना गर्दा नै महंगो शुल्क उठाइएको देखिन्छ । अभिभावकहरूका अनुसार विद्यालयहरूले ' अनिवार्य' भन्दै विभिन्न शीर्षकमा शुल्क असुल्ने गरेका छन् । तर अभिभावकले अस्वीकार गर्दा भर्ना नलिने दबाबसमेत दिने गरिएको छ । शिक्षा अधिकारकर्मीहरूका अनुसार मन्त्रालयको निर्देशन कार्यान्वयन गराउन स्थानीय तह सक्रिय नहुँदा निजी विद्यालयहरू मनोमानी गर्न उत्साहित भएका हुन् । कानुन स्पष्ट भए पनि कार्यान्वयन अवस्था कमजोर हुदाँ निजी विद्यालयको मनोमानी बढेको हो । स्थानीय तहले अनुगमन र कारबाही नगर्दा समस्या झनै बढेको छ ।

उता सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले एक सूचना जारी गर्दै कार्यविधि अनुसारको मात्रै भर्ना लिन निर्देशन दिएको छ । भने सुर्खेतका केही स्थानीय तहका प्रतिनिधिहरू भने अनुगमन प्रक्रिया सुरु गरिएको दाबी गर्छन् । तर ठोस कारबाहीका उदाहरण सार्वजनिक नभएकाले अभिभावकहरू सन्तुष्ट छैनन् । यसैबीच, मन्त्रालयले पुनः निर्देशन कार्यान्वयन नगर्ने स्थानीय तह र विद्यालयमाथि कडा कदम चालिने संकेत दिएको छ । अभिभावकहरूले भने आफूहरूबाट असुल गरिएको अवैध शुल्क फिर्ता गराउन र दोषी विद्यालयलाई कारबाही गर्न सरकारसँग माग गरेका छन् । शिक्षा क्षेत्रमा देखिएको यस्तो मनोमानी रोक्न सरोकारवाला निकायहरूबीच समन्वय र प्रभावकारी अनुगमन आवश्यक रहेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्पष्ट निर्देशन हुँदाहुँदै पनि सुर्खेतका स्थानीय तहहरू निजी विद्यालयको चर्को शुल्क असुलीप्रति मुखदर्शक बनेको आरोप बढ्दै गएको छ ।

'नियामक भूमिका निर्वाह गर्नुपर्ने स्थानीय सरकार निष्क्रिय देखिँदा अभिभावकहरू आर्थिक रूपमा थप मारमा परेका छन्' एक अभिभावकले भने, 'शिक्षा क्षेत्रमा काम गर्ने सरोकारवालाहरूका अनुसार स्थानीय तहहरूको उदासीनताले निजी विद्यालयलाई थप मनोमानी गर्ने वातावरण दिएको छ ।'

तर स्थानीय तहका प्रतिनिधिहरूले भने सीमित स्रोत र जनशक्तिका कारण प्रभावकारी अनुगमन गर्न कठिनाइ भएको दाबी गरेका छन् । तर यस्तो तर्कले अभिभावकहरूको समस्या समाधान नगरेको भन्दै आलोचना भइरहेको छ ।

> “अनुगमन र कारबाहीको जिम्मा स्थानीय तहको हो, तर उनीहरू मौन छन् । यसले अभिभावक प्रत्यक्ष ठगिने अवस्था सिर्जना गरेको छ”




## भारी शुल्कबारे प्रमाण बाहिरिन थाले

'शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गर्ने गरेका सप्रमाण तथ्यहरू धमाधम बाहिरिन थालेका छन् । यसबारे शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले जारी गरेको विज्ञप्तिमा मन्त्रालयको ध्यानाकर्षण भएको उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, 'विद्यालय सञ्चालन जस्तो गरिमामय र जिम्मेवार प्रणालीमा यस्ता गैरकानुनी कार्यहरू अशोभनीय हुने मात्र नभई दण्डनीयसमेत हुनेतर्फ विद्यालयहरू स्वयं सजग हुनुपर्छ ।'

सरकारको निर्णयअनुसार वैशाख १५ गतेदेखि विद्यालय तहको शैक्षिकसत्र सुरु गरिएको हो । विगतमा वैशाख २ गतेदेखि शैक्षिकसत्र सुरु हुँदै आएकामा वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयले भर्ना लिने क्रम रोक्न र इन्धनको असहज आपूर्ति हुने स्थितिमा वैशाख १५ गतेदेखि विद्यालयमा भर्ना सुरु गर्ने निर्णय गरेको थियो । तर स्थानीय तहको सहजीकरणविनै वैशाख १५ गतेअगावै कतिपय विद्यार्थी भर्ना भइसकेका छन् ।

विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको थियो ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने आदेश दिएको थियो । यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थिए । आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख छ ।

अदालतले सम्बन्धित निकायलाई प्रचलित कानुनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्नसमेत आदेश गरेको छ । मन्त्रालयको स्पष्ट निर्देशनपछि पनि निजी विद्यालयहरूले उक्त निर्णय कार्यान्वयन नगरेको पाइएको छ ।

संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ अनुसार भर्ना शुल्कको हकमा एक पटकका लागि एक महिनाको मासिक शुल्क बराबर मात्र लिन पाइने व्यवस्था छ । तर निजी विद्यालयहरुले निर्देशिका बमोजिम विद्यालयहरूले मासिक पढाइ, भर्ना, र यातायातसहित १४ भन्दा बढि शीर्षकमा शुल्क लिने गरेको उल्लेख छ ।

# देशव्यापी आमहड्ताल थाल्ने सुकुम्वासी संघको चेतावनी



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १७ वैशाख

अखिल नेपाल सुकुम्वासी संघले विना बिकल्प उठिबास लगाउने कार्य बन्द गर्नुपर्ने भन्दै आन्दोलनको घोषणा गरेको छ ।

बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै संघले विभिन्न सुकुम्वासी बस्तीहरुमा डोजर लगाएर राज्य आंतक फैलाइएको भन्दै विना बिकल्प उठिबास लगाउने कार्य बन्द गर्नुपर्ने मागसहित आन्दोलनको घोषणा गरेको हो ।

पहिलो चरणमा भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई गरेका वाचा स्मरण गर्न र जबर्जस्ती उठिवास रोक्नका लागि सरोकारवाला सबैलाई आग्रह गरिने संघले जनाएको छ ।

त्यस्तै आन्दोलनको दोश्रो चरणमा मेची-महाकाली राजमार्ग चक्काजाम गर्ने, जनताको हितमा काम नगर्ने प्रधानमन्त्रीलाई फिर्ता बोलाउन देशव्यापी हस्ताक्षर संकलन अभियान सुरु गर्ने संघले जानकारी दिएको छ ।

संघका अध्यक्ष अमर परियारले जबर्जस्ती नागरिकलाई उठिबास लगाउने कार्य भएकाले आन्दोलनको घोषणा गर्नुपरेको बताए ।

'पहिलो चरणमा हामीले भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीसँग गरिएका वाचा स्मरण गराउँदै जबर्जस्ती उठिबासको कार्य तत्काल रोक्न सबै सरोकारवालासँग आग्रह गर्नेछौं', संघका अध्यक्ष परियारले भने ।

उनले थपे, 'यदि यसमा सुनुवाइ भएन भने, दोस्रो चरणमा मेची-महाकाली राजमार्ग चक्काजाम गर्ने र जनताको हितमा काम नगर्ने प्रधानमन्त्रीलाई फिर्ता बोलाउन देशव्यापी हस्ताक्षर संकलन अभियान सुरु गर्नेछौं । जबर्जस्ती नागरिकलाई उठिबास लगाउने कार्य बढेकाले हामी आन्दोलनमा जान बाध्य भएका हौं ।'

शान्तिपूर्ण आन्दोलनबाट आफूहरुका माग सुनुवाइ नभए मेची-महाकाली राजमार्ग र सुकुम्वासी क्षेत्र केन्द्रित संघर्षसहित देशव्यापी अनिश्चितकालीन आम हड्ताल गर्ने चेतावनी संघले जनाएको छ ।

# सरकारले सिफारिस गरेका अध्यादेशबारे राष्ट्रपतिले गरे कानुनविदसँग परामर्श

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १७ वैशाख

सरकारले सिफारिस गरेको विभिन्न अध्यादेशका बारेमा राष्ट्रपति रामचन्द्र पौडेलले संविधानविद् तथा कानुनविदसँग परामर्श गरेका छन् । राष्ट्रपति भवन शीतलनिवासमा राष्ट्रपति पौडेलले विभिन्न अध्यादेशका बारेमा संविधानविद् तथा कानुनविदहरूसँग परामर्श गरेका हुन् ।



बिहीबार भएको परामर्शमा कानुनविद्हरू बद्रिबहादुर कार्की, महादेव यादव, पूर्णमान शाक्य, भिमार्जुन आचार्य र टिकाराम भट्टराईलगायतको सहभागिता रहेको थियो ।

सरकारले सिफारिस गरेकामध्ये बिहीबार राष्ट्रपति पौडेलले सहकारीसम्बन्धी अध्यादेश जारी गरेका छन् ।

सरकारले संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको सिफारिसका लागि बस्ने बैठकसम्बन्धी कार्यविधिलाई व्यवस्थित गर्ने उद्देश्यका साथ संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न अध्यादेश जारी गर्न सिफारिस गरिएको छ ।

त्यसैगरी विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशसमेत जारी गर्न सिफारिस गरिएको छ । विगतमा राजनीतिक रूपमा नियुक्ति तथा मनोनयन भएका सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेशसँग अनुकूल बनाउन यी अध्यादेशहरू सिफारिस गरिएको हो ।

त्यस्तै केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सिफारिस गरिएको छ, जसअन्तर्गत २० वटा ऐन संशोधन हुनेछन् । भूमि, जग्गा नापजाँच, मालपोत, शिक्षा, वन, स्वास्थ्य, निजामती र बिमालगायतका कानुनमा देखिएका अवरोध हटाउन यो अध्यादेश सिफारिस गरिएको हो ।

साथै, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको छ । यो अध्यादेश सार्वजनिक निकायमा राजनीतिक रूपमा नियुक्ति भई बहाल रहेका पदाधिकारीहरूलाई पदमुक्त गर्ने उद्देश्यले ल्याइएको हो ।

त्यसैगरी सार्वजनिक खरिदलाई समयसापेक्ष बनाउने उद्देश्यसहित सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधन गर्ने अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको छ ।


## हाँसौः स्वस्थ रहौं ।

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

*हाँसौं र हँसाऔं ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

सम्पादकीय

# राजस्व प्रणालीमा संरचनात्मक सुधार गर

कर्णाली प्रदेश सरकारको आन्तरिक आम्दानीको अवस्था हेर्दा लक्ष्य निर्धारणमा महत्वाकांक्षा देखिए पनि कार्यान्वयनमा कमजोरी अझै हट्न नसकेको स्पष्ट सन्देश देखाउँछ । चालु आर्थिक वर्षका लागि करिब ९७ करोड रूपैयाँ आन्तरिक आम्दानी गर्ने लक्ष्य राखिएको अवस्थामा नौ महिनामा आधामात्रै राजस्व संकलन हुनु सामान्य प्रशासनिक कमजोरी होइन, संरचनात्मक चुनौतीको संकेत हो । राजस्व संकलनमा अपेक्षित प्रगति नहुनुका कारणहरू आफैंमा नयाँ छैनन् । आर्थिक गतिविधि न्यून हुनु, उद्योग–व्यवसायको विस्तार सुस्त रहनु र करको दायरा विस्तार गर्न नसक्नु जस्ता समस्याहरू वर्षौंदेखि दोहोरिँदै आएका छन् । तर प्रदेश सरकारले के यी चुनौती समाधान गर्न दीर्घकालीन र प्रभावकारी रणनीति बनाएको छ ? भन्ने प्रश्न उठ्छ । तर तथ्यांकले त्यस्तो संकेत गर्दैन । प्रदेश सरकारले पर्यटन, वन, खानी तथा प्राकृतिक स्रोतमार्फत आम्दानी बढाउने योजना अघि सारेको छ । तर योजना बनाउनु र त्यसको प्रभावकारी कार्यान्वयन गर्नु दुई फरक कुरा हुन् । वन क्षेत्रबाट राजस्व प्रदेशमै राख्ने नयाँ व्यवस्था सकारात्मक कदम हो, तर नौ महिनामा अपेक्षित परिणाम नदेखिनुले कार्यान्वयन पक्ष अझै कमजोर रहेको स्पष्ट हुन्छ । यस्ता नीतिगत सुधारहरू कागजमा सीमित भए भने त्यसले दीर्घकालीन उपलब्धि दिन सक्दैन ।

प्रदेश सरकारले यस आर्थिक वर्षका लागि ९६ करोड ७४ लाख ११ हजार रूपैयाँ आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेको छ । तर नौ महिनाको अवधिमा ४८ करोड तीन लाख ९५ हजार ८६२ रूपैयाँ ५८ पैसा मात्रै संकलन भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार लक्ष्यअनुसार राजस्व संकलन हुन नसक्नुका पछाडि विभिन्न कारण रहेका छन् । असार मसान्तसम्म बजेटमा राखिएको लक्ष्य भेट्टाउन नसके पनि विगतका वर्षको तुलनामा यो वर्ष धेरै आम्दानी हुने आर्थिक मामिला तथा योजना मन्त्रालयको अनुमान छ । गत वर्ष ८३ करोड ४४ लाख ६५ हजार वार्षिक आन्तरिक आम्दानीको लक्ष्य राखिएकोमा जम्मा ६५ करोड ९४ लाख आम्दानी गरेको थियो । यसअघि प्रदेश सरकारले सबैभन्दा धेरै आम्दानी आर्थिक वर्ष २०८०/०८१ मा गरेको छ । उक्त वर्ष ८३ करोड ६२ लाख लक्ष्य राखिएकोमा ७२ करोड ५३ लाख ७४ हजार बराबर आम्दानी गरेको थियो । स्थानीय तहसँगको समन्वय अभाव र कर प्रशासनको कमजोरीले पनि समस्या झन गहिरो बनाएको छ । संघीय संरचनामा राजस्व संकलन प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका, जिम्मेवारी र सहकार्य अनिवार्य हुन्छ । तर व्यवहारमा अझै समन्वयको अभाव देखिनु चिन्ताजनक हो ।

यद्यपि राजस्व संकलनमा गत वर्षको तुलनामा केही सुधार देखिनु सकारात्मक संकेत पनि हो । तर सात–आठ करोडको बृद्धि मात्र पर्याप्त मान्न सकिँदैन । किनकी लक्ष्य निकै टाढा रहेको अवस्था छ । लक्ष्य पूरा गर्न अन्तिम तीन महिनामा विशेष पहल गर्ने सरकारी प्रतिबद्धता सुनिनु नौलो कुरा पनि होइन । तर विगतका अनुभवले यस्ता अन्तिम समयमा गरिने प्रयासहरू प्रायः पर्याप्त हुँदैनन् भन्ने देखाइसकेको छ । राजस्व प्रणालीमा संरचनात्मक सुधार अबको आवश्यकता हो । करको दायरा फराकिलो बनाउने, चुहावट नियन्त्रण गर्ने, डिजिटल प्रणालीमार्फत पारदर्शिता बढाउने र आर्थिक गतिविधि प्रवर्द्धन गर्ने ठोस कदम चाल्नुपर्छ । साथै प्रदेश सरकारले आफ्नो स्रोत र सम्भावनाको यथार्थ मूल्यांकन गर्दै व्यवहारिक लक्ष्य निर्धारण गर्नु पनि उत्तिकै आवश्यक छ । कर्णालीजस्तो स्रोतसम्पन्न तर आर्थिक रूपमा पछाडि परेको प्रदेशका लागि आन्तरिक आम्दानी सुदृढीकरण केवल बजेटीय आवश्यकता मात्र होइन, आत्मनिर्भरता तर्फको अनिवार्य यात्रा पनि हो । यो यात्रामा ढिलाइ गर्न अब छुट छैन ।

# गाँठो पार्ने हात, सास्ती भोग्ने दाँत



संकेत कोइराला

“ मुखबाट बोली निकाल्नुअघि एकपटक सोच्नुस् । लेख्नुअघि दुईपल्ट सोच्नुस् । केही काम गर्नुअघि तीनपल्ट सोच्नुस् । सधैँ हेक्का राख्नुस् घमण्डले मान्छे फुल्न सक्ला तर फै लिन सक्दैन । ”

एउटा धनी मानिस अस्पतालको बेडमा थियो । उपचारका सबै प्रयास निष्फल भएपछि डाक्टरले सन्तान बोलाएर घर व्यवहारको काम जिम्मा लगाउन आग्रह गरे । ती धनी मानिसले सन्ततिको सट्टा मुन्सी बोलाउन लगाए । मुन्सीसँग उनले सम्पत्तिको सम्पूर्ण फेहरिस्त मागे । लगत्तै ज्योतिष मगाए ।

ज्योतिषसँग उनको जिज्ञासा थियो- ‘अर्को जुनीमा म कुन ठाउँमा जन्म लिन्छु ?’ ज्योतिषले पेसाअनुसार कुनै ठाउँको नाम लिएर त्यहीँ सालनाल गाडिने ठोकुवा गरे । ती महाजनले तत्काल वकिल झिकाएर आदेश दिए- ‘मेरो सम्पूर्ण जायजेथा ज्योतिषले भनेको ठाउँमा स्थानान्तरण गरी मेरा नाममा पास गराउनू ।’

यो ठट्टा नेपाली राजनीतिका सारथीसँग हुबहु मेल खान्छ । सत्ता पाएर के गर्नुपर्छ ? त्यो सत्यसँग दश कोश टाढा भएपनि सत्ताको चास्नी उनीहरूका लागि रुचिकर छ । भर्तृहरि नीतिले भनेको छ- ‘ कहिले साँचो, कहिले झूठो, कहिले कठोर, कहिले मधुर, कहिले हिंस्रक, कहिले खर्चिलो, कहिले प्रशस्त कमाउने यसप्रकार वेश्यासमान राजनीतिका अनेकौँ रूप हुन्छन् ।’

प्रकृतिको आफ्नो नियम छ । संसारका हरेक प्राणीका लागि समयको लक्ष्मणरेखा एउटै हो । नुन र सुनको भाउ एउटै भएका दिन सत्ययुग प्रारम्भ हुने पण्डितहरूको तर्क छ ।

मानिस समस्याका कारण आत्तिन्छन्, रुन्छन्, कराउँछन्, गुनासो गर्छन् । तर समस्या त हरेक युगमा थियो । रामराज्यमा अपराध गरेपछि अपराधीहरू सरासर आफैँ जेल जान्थे । यद्यपि रामराज्यमै कैकेयीलाई दलाली सिकाउने मन्थराजस्ता पात्र नेपथ्यमा सक्रिय थिइन् । रावण राजमा कुलद्रोह गरेरै भएपनि सत्यपथ नछोड्ने विभीषण थिए । जति ठक्कर खाए पनि इमान नछोड्ने कर्णजस्ता अमर पात्र थिए । सत्य अँगाल्ने तर अन्याय विरुद्ध नबोल्ने भीष्म पितामहजस्ता लाचार पात्रको अन्त्य सुखद रहेन ।

अहिले जसरी विज्ञापन गर्नेको संसार छ, त्यो बेला रावणले सीता हरण गरेको अन्तिम सूचना दिएर प्राण परित्याग गर्ने जटायुको खुटखबर पाइँदैन । त्यो सूचना नपाएको भए सम्भवतः रामायण पहिलो पृष्ठमै अन्त्य हुनसक्थ्यो । नल र निल रामायणकालीन त्यस्ता सिद्धहस्त ईन्जिनीयर थिए, जसले सागरमा फालेको ढुङ्गा मात्र तैरिन्थ्यो । तिनै नल र निलले रातारात तयार गरेको पुलले रामलाई अयोध्याको सार्थक नेता बनायो । रामायण, महाभारत, गीताको प्रचार भएर नै ती ग्रन्थ अमर दस्तावेज बने । तिनैको हाराहारीमा रहेको राजा जनक र अष्टावक्रको प्रश्नोत्तर रहेको ‘अष्टावक्र गीता’ ओझेलमा पर्‍यो ।

मन दुख्दा आँखाबाट निस्कने नुनिलो आँसुको प्रकृति समान हो । मानिसको आँखाबाट निस्कने आँसु त्यस्तो पदार्थ हो, जहाँ एक प्रतिशत पानी र उनान्सय प्रतिशत भाव हुन्छ । त्यसैले आँसुसँग ठट्टा गर्नु हुँदैन ।

प्रकृतिको आफ्नो नियम छ । संसारका हरेक प्राणीका लागि समयको लक्ष्मणरेखा एउटै हो । नुन र सुनको भाउ एउटै भएका दिन सत्ययुग प्रारम्भ हुने पण्डितहरूको तर्क छ । तर समय पानी हो । यसमा कस्तो रङ्ग मिसाउने त्यो मानव कर्ममा निर्भर रहन्छ । बहुमतको सरकार आएपछि सूर्य पूर्वबाट उदाएर पश्चिम अस्ताउने गरेको होइन । मुलुक संघीयतामा गएलगत्तै लामखुट्टे मानिसको रगत चुस्ने कलामा पारङ्गत भएको होइन । गाईले घाँस खान र बाघले मृग मार्न संविधान बनेपछि थालेको होइन । गर्मी मौसममा हिन्दु, मुस्लिम, इसाई, बौद्धिष्ट सबैलाई खलखली पसिना आउँछ । खुर्सानीको पीरोले सबैलाई राल सिँगान बनाउँछ । टिम्मुरले सबैको जिब्रो उत्तिक्कै पर्पराउँ छ । काँडाले घोच्दा सबैको हातखुट्टाबाट रातै रगत निस्कन्छ । खुसी हुँदा धराका सम्पूर्ण मानिसको अनुहारबाट निस्कने उच्छ्वास एकै हो ।

मन दुख्दा आँखाबाट निस्कने नुनिलो आँसुको प्रकृति समान हो । मानिसको आँखाबाट निस्कने आँसु त्यस्तो पदार्थ हो, जहाँ एक प्रतिशत पानी र उनान्सय प्रतिशत भाव हुन्छ । त्यसैले आँसुसँग ठट्टा गर्नु हुँदैन । कर्म नराम्रो छ भने भाग्य पनि रुन्छ । सबैलाई थाहा छ- हिँड्ने गोरुकै पुच्छर निमोठिन्छ लच्केको हाँगा झन् लच्काउन मानिसलाई मज्जा लाग्छ । जङ्गलमा सुरिलो र सीधा रुख नै काटिन्छ । अरु त अरु तपाईंका इन्द्रिय नै स्वार्थी छन् । अन्धकार भएपछि आँखाले नै धोका दिन्छ, देखिँदैन । दिन ढलेपछि छायाँले छोड्छ । जीवन एउटा वाक्य हो । जवानी डिक, वृद्ध कमा अनि मृत्यु फूलस्टप । झुटले सत्यलाई दुःख दिन त सक्छ तर परास्त गर्न सक्दैन । केराको पातजस्तो सपाट जीवन त किताबका अक्षरमा मात्र हुन्छ । पूर्णता खोज्ने हो, अन्ततः अपूर्णता स्वीकार्ने हो ।

आत्मविश्वासले सफलताको ग्यारेन्टी त गर्न सक्दैन तर सङ्घर्ष गर्ने प्रेरणा अवश्य दिन्छ । जन्म लिनु भाग्य हो । मृत्यु समय हो । मृत्युपछि अरुको मनमा जीवित रहनु कर्मको फल हो ।

बुद्धवाणी छ- ‘धान नबन चामल बन, धान बनेमा फेरि तिमीलाई यो दुःखरूपी हिलोमा रोप्ने छन् । चामल बने मुक्ति पाउने छौ ।’ मूल्य पानीको हैन, प्यासको हुन्छ । मूल्य मृत्युको नभई सासको हुन्छ । मूल्य प्रेमको नभएर विश्वासको हुन्छ ।

छाताले पानी त रोक्न सक्दैन । वर्षामा उभिने साहस दिन सक्छ । आत्मविश्वासले सफलताको ग्यारेन्टी त गर्न सक्दैन तर सङ्घर्ष गर्ने प्रेरणा अवश्य दिन्छ । जन्म लिनु भाग्य हो । मृत्यु समय हो । मृत्युपछि अरुको मनमा जीवित रहनु कर्मको फल हो ।

मानिस मिलन चाहन्छ, बिछोड छ । जन्ममा रमाउँछ तर जन्मसँगै मृत्यु टाँसिएर आउँछ । पुण्यको गाथा गाउँछ, पापले सँगसँगै गाँजिहाल्छ । पण्डितभन्दा वकिलको शुल्क महँगो छ । बजारमा सियोभन्दा कैँचीको मूल्य हजार गुना बढी छ । यहाँ, जुटाउने भन्दा फुटाउनेको शान बढी हुन्छ । सामाजिक सञ्जालको बाहुल्यपछि त झन् मानिस विवेक शून्य रोबर्ट बन्दैछ । एक रुपियाँको माल बोकेर मानिस सामाजिक सञ्जालमा करोडौँको दलालीमा समय खर्चिन व्यस्त छ । मेहनतभन्दा मानिस चटकीको उपलब्धीमा रमाएको छ ।

मुखबाट बोली निकाल्नुअघि एकपटक सोच्नुस् । लेख्नुअघि दुईपल्ट सोच्नुस् । केही काम गर्नुअघि तीनपल्ट सोच्नुस् । सधैँ हेक्का राख्नुस्- घमण्डले मान्छे फुल्न सक्ला तर फैलिन सक्दैन ।

मुखबाट बोली निकाल्नुअघि एकपटक सोच्नुस् । लेख्नुअघि दुईपल्ट सोच्नुस् । केही काम गर्नुअघि तीनपल्ट सोच्नुस् । सधैँ हेक्का राख्नुस्- घमण्डले मान्छे फुल्न सक्ला तर फैलिन सक्दैन । जो मान्छेसँग धनबाहेक अरु केही छैन नि, त्यो भन्दा महादरिद्र संसारमा अरु कोही हुँदैन । कन्जुसलाई दानी मन पर्दैन । लोभी मगन्तेसँग डाढ गर्छ । रूपवानका लागि बुद्धयौली शत्रु सावित हुन्छ । व्यभिचारी महिलालाई पति मन पर्दैन । गरिबलाई धनी मन पर्दैन । तर जसको मन शोकले व्याकुल छ नि उसलाई केही मन पर्दैन ।

मन्त्रको जप गर्ने काम भक्तको हो, तर गन्ने काम भगवानको । प्रेम, धन र जवानीका अगाडि मानिस वफादार हुँदैन । यसरी नकमाउनु कि पाप होस् । यसरी खर्च नगर्नुको ऋण लागोस् । यसरी नखानु कि अपच होस् । यसरी नहिँड्नु कि पुग्न ढिलो होस् ।

गाई विभिन्न रङ्गका भएपनि दूध सेतै हुन्छ । अलग अलग धर्मको शैली अलग भएपनि आखिर त्यसको निष्कर्ष एउटै हुन्छ- मानिसले शुभकर्म गर्नुपर्छ । शास्त्र भन्छ- सधैँ एक पन्थ, एक ग्रन्थ र एक सन्तको बाटो अपनाउ । हाँसेर गरेको पापको सजाय रोएर भोग्नुपर्छ । जसरी हातले बाँधेको गाँठो दाँतले टोकेर फुकाउनुपर्छ । दिनेको हात कहिल्यै खाली हुँदैन तर माग्नेको पेट कहिल्यै भरिँदैन ।

आजकल पद र पैसाका लागि मानिसको भागदौड छ । तर शान्ति उसले पाएको छैन । किनभने शान्ति सम्पन्नतामा हुँदैन । शान्ति पाउन चार गुणको विकास गर्नुपर्छ- स्वयंसँग मैत्री, करुणा, प्रसन्नता र कृतज्ञता । ज्येष्ठ बन्न सजिलो छ तर श्रेष्ठ बन्न कठिन । श्रेष्ठ बन्न दृष्टिकोण बदल्नुपर्छ ।

घरमा अन्न हुनेलाई भन्दा नहुनेलाई बढी भोक लाग्छ । पत्याउनुहुन्छ ? निक्कै विलासी भनिएको देश बेलायतका विद्यार्थीहरू सानो भन्दा सानो विषयमा पनि अज्ञानी ठहरिए । भर्खरै गरिएको एक अनुसन्धान अनुसार बेलायतका १० जनामा एकजनालाई गोलभेँडा बोटमा फल्छ भन्ने पत्तै छैन । उनीहरूको बुझाइमा यो माटोमुनि फल्छ ।

नम्रता विनाको विद्या काम छैन । सहयोग विनाको हात काम छैन । स्वार्थले भरिएको प्रेम काम छैन होस विनाको जोस काम छैन । पापसँगैको धर्म काम छैन । परोपकारविनाको जीवन काम छैन ।

एक तिहाइ प्राथमिक विद्यालयका विद्यार्थीहरू भन्छन्– चीज रुखमा फल्छ । १८ प्रतिशत साना विद्यार्थी माछाबाट बनाइने फिस फिंगर कुखुराको मासुबाट बनेको ठान्छन् । के यसो भन्दैमा लोकतन्त्रको जननी बेलायतलाई दुत्कार्न मिल्छ ? अहँ मिल्दैन । भनिन्छ- उपयोग विनाको धन काम छैन । नम्रता विनाको विद्या काम छैन । सहयोग विनाको हात काम छैन । स्वार्थले भरिएको प्रेम काम छैन । होस विनाको जोस काम छैन । पापसँगैको धर्म काम छैन । परोपकारविनाको जीवन काम छैन । योग्यता भएको मानिस कहिलेकाहीँ इमानदार हुँदैन ।

एउटा अमेरिकी र एउटा जापानी जुत्ताका एजेन्ट एउटै जहाज चढेर अफ्रिका गए । उनीहरूसँगै उत्रिए । एउटै होटलमा बसे । अमेरिकी कम्पनीका एजेन्टले आफ्नो कम्पनीमा फोन गरेर भन्यो- ‘यहाँ सबै खाली खुट्टा हिँड्दा रहेछन् । कसैको जुत्ता किन्ने ल्याकत रहेनछ । त्यसैले म फिर्ता आउँदैछु’ तर जापानी कम्पनीको एजेन्टले खबर पठाएछ- ‘यहाँ जुत्ता व्यापारको सम्भावना शतप्रतिशत रहेछ । एक लाख जोर जुत्ता तत्काल पठाउनू ।’

आशावादी मानिसले जहाज बनाउँछ, निराशावादीले प्यारासुट बनाउँछ । यी दुवै नगर्ने मानिस जमिनमा बसेर आलोचना गरेर बस्छ ।

हेर्नुस् त एउटा बजार पायो । एउटाले गुमायो । जो मानिस स्वर्ग जाने नाममा हुटहुटिएको हुन्छ, उसैले पृथ्वीलाई बिगारेको हो । एउटा कवितालाई तोडियो भने शब्द मिल्छ, काव्य मिल्दैन । एउटा मानिसलाई काटेर हेरियो भने के हुन्छ ? एउटा राम्रो चित्रलाई २, ४ रुपैयाँको रङ्ग र कुचीको रूपमा परिभाषित गरियो भने के हात लाग्छ ? मूर्ति, फूल तोडियो भने के हुन्छ ? आशावादी मानिसले जहाज बनाउँछ, निराशावादीले प्यारासुट बनाउँछ । यी दुवै नगर्ने मानिस जमिनमा बसेर आलोचना गरेर बस्छ ।

# लोकप्रियतावादको अग्निमा सत्ताको परीक्षा



ईश्वरदेव खनाल

लोकप्रियता आर्जन गर्न कठिन अनि त्यसलाई सम्हाल्न अझ गाह्रो हुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी अहिले यही यथार्थसँग जुधिरहेको देखिन्छ। सरकार गठनमा निर्णायक भूमिका खेलेको एक महिनामात्र भएको छ । तर, राष्ट्रिय स्वतन्त्र पार्टी जटिल परीक्षणको चरणमा प्रवेश गरेको छ-शासकीय क्षमताको हक तर प्रारम्भिक संकेतले देखाउँछन् कि लोकप्रियताबाट शासनतर्फको यात्रा सहज भइरहेको छैन ।

पछिल्ला घटनाले धेरै बोल्छन् । ओखलढुङ्गाका सांसद विश्वराज पोखरेल एक विद्यालयका प्रधानाध्यापकसँग कठोर र अपमानजनक शैलीमा प्रस्तुत भएको भिडियो सार्वजनिक भएपछि उनको सर्वत्र आलोचना भयो । आफ्नै समर्थक खनिए । उनले माफी त मागे, तर उनको क्षयीकरण भइसकेको थियो। त्यो केवल जिब्रो चिप्लिएको क्षण थिएन-त्यो मनोवृत्तिको झल्को थियो । यस्तै प्रवृतिबाट वास्तविक चिन्ता सुरु भएको छ र हुन्छ।

राष्ट्रिय स्वतन्त्र पार्टी आकस्मिक रूपमा उदाएको होइन। यो निराश जनमतको परिणाम हो । पुराना अनुहार, अधुरा बाचा र नफेरिएका राजनीतिक संस्कृतिबाट दिक्क भएका मतदाताले गरेको एउटा टेस्ट चेन्ज र नयाँ अपेक्षा चुनावमार्फत आएको सन्देश हो । विशेषगरी युवाका लागि, यो दलले ‘नयाँ सुरुवात’ को वाचा गरेर सत्तामा आएको हो । मतदाताले रास्वपालाई दूधले नुहाएको मनोविज्ञानमा चुनेको नभएर कांग्रेस, एमाले र माओवादीसँग प्रतिशोध साँध्न उठाएको वैकल्पिक अस्त्र हो ।

तर, चुनाव जित्नु र शासन चलाउनु फरक खेल हुन्। अहिले, राष्ट्रिय स्वतन्त्र पार्टी त्यो भिन्नता कठोर तरिकाले सिक्दैछ। पार्टीले लोकप्रिय अनुहारमा अत्यधिक निर्भरता देखाएको छ। चुनावका लागि यो प्रभावकारी रणनीति हुन सक्छ । तर शासनका लागि यो बान्छनीय योग्यताभित्र पर्दैन । शासकीयभन्दा पनि अब समन्वय क्षमता आधारभूत मानिन्छ ।

ओखलढुङ्गाका सांसद विश्वराज पोखरेल एक विद्यालयका प्रधानाध्यापकसँग कठोर र अपमानजनक शैलीमा प्रस्तुत भएपछि उनले माफी त मागे, तर उनको क्षयीकरण भइसकेको थियो। त्यो केवल जिब्रो चिप्लिएको क्षण थिएन-त्यो मनोवृत्तिको झल्को थियो ।

नेपालका लागि यो नयाँ भएपनि कथा नयाँ होइन। भारतको दिल्लीको आम आदमी पार्टीले पनि यही बाटो पार गरेको छ । तीव्र लोकप्रियतासँगै सत्तामा पुगेको पार्टीले छिट्टै हतारका निर्णय, टकराव र अनुभवहीनताका कारण आलोचना भोग्नु पर्‍यो । लोकप्रियता र तयारीबीचको खाडल प्रस्ट भयो- र त्यसको मूल्य चुकाउनुपर्‍यो ।

राष्ट्रिय स्वतन्त्र पार्टीमा पनि उही संकेत देखिँदैछन् । गृहमन्त्री सुदन गुरुङको राजीनामा सामान्य घटना थिएन। यस्तो संवेदनशील मन्त्रालयमा अस्थिरताले एउटा सन्देश दिन्छ-तिमीहरुको आधार अझै बलियो भएको छैन है ।

अर्का मन्त्री दीपक साहलाई फिर्ता बोलाउने निर्णयले पनि प्रश्न उठायो । जवाफदेहिता आवश्यक छ। तर अस्पष्ट र अचानक निर्णयले विश्वास बढाउँदैनन, उल्टै शंका जन्माउँछन् ।

नीति निर्माणमा पनि उस्तै समस्या देखिन्छ। “ब्रिज कोर्स” प्रतिबन्ध गर्ने प्रयास राम्रो उद्देश्यबाट आएको हुनसक्छ । तर कार्यान्वयन हतारमा भयो । परामर्श सीमित रह्यो, र विरोध तुरुन्तै आयो । विद्यार्थी, अभिभावक र संस्थाहरू सबै असन्तुष्ट भए। अन्ततः निर्णय आंशिक रूपमा उल्ट्याइयो ।

यसले एउटा बलियो धारणा निर्माण गर्‍यो, पहिले घोषणा पछि सोच।

इटालीको फाइभ स्टार आन्दोलनले पनि यस्तै मूल्य चुकाएको थियो । तीव्र आकांक्षापछि सरकारमा पुगेको उक्त आन्दोलन आन्तरिक असंगति, नीतिगत कमजोरी र विवादास्पद अभिव्यक्तिका कारण कमजोर बन्यो । निष्कर्ष सरल छ-संरचना बिना गति टिक्दैन।

यही सन्दर्भमा सफल शासनको अर्को उदाहरणस्मरणीय छ।

सिंगापुरका ली क्वान यू आफ्नो अत्यन्त अनुशासित, व्यावहारिक र कहिलेकाहीँ अधिनायकवादी झल्को दिने खाले कार्यशैलीका लागि परिचित थिए। उनले परिणाममुखी काममा ध्यान केन्द्रित गरे । उनका लागि राजनीति भावनात्मक नाराभन्दा परिणाममुखी अभ्यास थियो । र उनले राजनीतिलाई प्रशासनिक र आर्थिक व्यवस्थापनबाट स्पष्ट रूपमा अलग राखे ।

उनले एकपटक भनेका थिए, “काम मिलाउन मैले केही कडा र अलोकप्रिय निर्णय लिनुपर्‍यो।” यसमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति र श्रम क्षेत्रमा स्थिरता कायम गर्न कडा कदम समावेश थिए।

सिंगापुरका ली क्वान यूले योग्यतामा आधारित शासन प्रणाली विकास गरे । उनको शैली सीधा थियो, कहिलेकाहीँ असहज लाग्ने व्यवहार गर्ने उनी भावनात्मक अपिलभन्दा स्पष्ट संवादमा विश्वास गर्थे । राष्ट्रिय स्वतन्त्र पार्टीकोजस्तो लोकप्रियता वा विश्वराज शैलीमा होइन ।

उनले योग्यतामा आधारित शासन प्रणाली विकास गरे । उच्च दक्षता भएका प्राविधिकलाई अगाडि ल्याए । स्वच्छ, सक्षम तथा परिणाममुखी निजामती सेवा निर्माण गरे । उनको शैली सीधा थियो, कहिलेकाहीँ असहज लाग्ने व्यवहार गर्ने उनी भावनात्मक अपिलभन्दा स्पष्ट संवादमा विश्वास गर्थे । राष्ट्रिय स्वतन्त्र पार्टीकोजस्तो लोकप्रियता वा विश्वराज शैलीमा होइन । समस्या जति बलवान छ, त्यतिनै गहिरो छ ।

शासन आवेगमा चल्दैन । नेपालको संघीय संरचना जटिल छ-कानुनी प्रक्रिया, संवैधानिक सीमा र तहगत समन्वय यसका मेरुदण्ड हुन् । यी बेवास्ता गरिए भने राम्रो नियतका नीतिहरू पनि असफल हुन्छन् ।

यहाँ मुद्दा नियत होइन-कार्यान्वयन हो ।

पर्याप्त अध्ययन, कानुनी परीक्षण र सरोकारवालासँगको संवादबिना, राम्रो विचार पनि विवादमा बदलिन्छ । यो सँगै मानसिकताको समस्या पनि उतिनै छ। राजनीतिमा शासन धैर्य, गहिराई र सुन्ने क्षमता चाहिन्छ । प्रतिक्रिया र आक्रामक चरित्र होइन । राष्ट्रिय स्वतन्त्र पार्टी पनि यो संक्रमणसँग जुधिरहेको देखिन्छ।

रास्वपाको तीव्र विस्तारले चुनौती अझ बढाएको छ। संरचनाभन्दा छिटो वृद्धि हुँदा त्रुटिहरू हुन्छन् । कतिपय अवस्थामा कमजोर निर्णय र टार्न सकिने गल्तीले नेतृत्वको परीक्षाको थालनी हुन्छ ।

नेतृत्वले आफ्ना प्रतिनिधि, सांसद र पार्टी पंक्तिलाई केवल लोकप्रिय होइन, जिम्मेवार बनाउनु पर्छ । मतदाताले अनुहार होइन, संस्कार र संस्कृति रोजेका हुन् । ओखलढुङ्गा प्रकरण फेरि सम्झौ- सार्वजनिक पद शक्ति मात्र होइन, संयमको परीक्षण पनि हो । भाषा, व्यवहार र सम्मान नीतिभन्दा कम महत्त्वपूर्ण छैनन् ।

शासन आवेगमा चल्दैन । नेपालको संघीय संरचना जटिल छ-कानुनी प्रक्रिया, संवैधानिक सीमा र तहगत समन्वय यसका मेरुदण्ड हुन् । यी बेवास्ता गरिए भने राम्रो नियतका नीतिहरू पनि असफल हुन्छन् ।

त्यसैले अहंकार र गैरजिम्मेवारी लागि कुनै स्थान हुनु हुँदैन ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो ‘राइट टु रिकल’ जस्ता प्रतिबद्धतालाई सम्झनुपर्ने हो कि ? जवाफदेहिता नारामा सीमित रहनु हुँदैन । यो व्यवहारमा पनि देखिनुपर्छ । नियम सबैका लागि समान हुनुपर्छ । अहिले परिस्थितिले विश्वसनीयता खाजीरहेको छ ।

रास्वपा अरु पुराना दलभन्दा फरक हुने भनेर मैदानमा आएको हो । तर यदि यो पार्टीको व्यवहार पुरानै दलको जस्तो भयो भने यसले प्रतिक्रियात्मकता र विवादास्पद आचरणमा शंका उत्पन्न गर्छ । अझ, विश्वास एकपटक खस्कियो भने पुनः निर्माण सजिलो हुँदैन।

तर यो अन्त्य होइन।

यी प्रारम्भिक दिनहरू हुन् । राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले भर्खरै एक महिना बिताएको छ । नयाँ दलहरुले गल्ती गर्दैनन् भन्ने होइन, र गर्छन् पनि । फरक यति हो, गल्तीबाट सिक्नुपर्छ, दोहोर्‍याउनु हुँदैन ।

# कर्णाली युवा महोत्सवमा उत्कृष्ट १० जनालाई अवार्ड' प्रदान गरिने



❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १७ वैशाख

कर्णाली प्रदेशमा विभिन्न क्षेत्रमार्फत उल्लेखनीय योगदान पुऱ्याएका १० जना युवालाई यस वर्ष 'कर्णाली युथ आइकन अवार्ड' प्रदान गरिने भएको छ।

कर्णाली युवा महोत्सवको दोस्रो संस्करण अन्तर्गत उनीहरूलाई सम्मान गर्ने तयारी गरिएको आयोजकले जनाएको छ।

महोत्सवका मूल संयोजक विनोद कुमार शाहीका अनुसार कर्णालीका युवाको प्रतिभा उजागर गर्ने, उनीहरूको क्षमता विकास गर्ने र सामाजिक रूपान्तरणमा सक्रिय युवालाई प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो।

महोत्सवले युवालाई केवल दर्शक नभई परिवर्तनका सक्रिय नेतृत्वकर्ताको रूपमा स्थापित गर्ने लक्ष्य लिएको उनले बताए।

कार्यक्रममा मुख्य सल्लाहकार भुपेन्द्रजंग शाही र व्यवस्थापक संयोजक राजकुमार सिजापतीको संयोजनमा सम्पूर्ण तयारी अघि बढाइएको छ।

आयोजकका अनुसार यो कार्यक्रम युवाहरूको साझा प्लेटफर्मका रूपमा विकास गर्दै कर्णालीका सबै जिल्ला तथा स्थानीय तहका युवालाई सहभागी गराउने लक्ष्य राखिएको छ।

राजनीतिबाहेक शिक्षा, सामाजिक सेवा, उद्यमशीलता, खेलकुद, साहित्य, संस्कृति, नवप्रवर्तन तथा अन्य सिर्जनात्मक क्षेत्रमा सक्रिय रही समाजमा सकारात्मक प्रभाव पारेका युवालाई 'कर्णाली युथ आइकन अवार्ड' प्रदान गरिनेछ।

यस अवार्डमार्फत उनीहरूको योगदानलाई औपचारिक रूपमा सम्मान गर्दै थप प्रोत्साहन दिने योजना रहेको आयोजकले बताएको छ।

कर्णाली युवा महोत्सव यही वैशाख १९ र २० गते वीरेन्द्रनगरस्थित सिटी हलको प्राङ्गणमा आयोजना हुने भएको छ। पत्रकार सम्मेलन मार्फत आयोजकले तयारी पूरा भइसकेको जानकारी दिएको छ।

संयोजक शाहीका अनुसार महोत्सवमा कर्णाली प्रदेशका सबै जिल्ला तथा स्थानीय तहबाट प्रतिनिधिमूलक रूपमा युवाहरूको सहभागिता सुनिश्चित गरिएको छ।

कार्यक्रमलाई बहुआयामिक बनाउन विभिन्न गतिविधिहरू समावेश गरिएको छ। महोत्सवमा वक्तृत्वकला प्रतियोगिता, युथ प्लेटफर्ममार्फत अन्तरक्रिया, पुस्तक वार्ता, देउडा खेल, सांगीतिक तथा साहित्यिक प्रस्तुति जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

यिनले युवाहरूको सिर्जनात्मक क्षमता उजागर गर्नुका साथै सांस्कृतिक पहिचानलाई पनि प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ।

त्यसैगरी, कर्णालीको समृद्धिका लागि राज्यको दायित्व, जनप्रतिनिधि र युवाबीचको सम्बन्ध, मिडियामा कर्णालीको छवि, सामाजिक अभियान, समाज रूपान्तरण, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकास लगायतका विषयमा पनि विस्तृत छलफल गरिने आयोजकले जनाएको छ।

महोत्सव मार्फत युवालाई नीति निर्माण, विकास प्रक्रिया र सामाजिक नेतृत्वमा सहभागी गराउने उद्देश्य लिइएको छ।

गत वर्ष सम्पन्न पहिलो संस्करणबाट प्राप्त अनुभव, सिकाइ र सफलतालाई आधार मानेर यस वर्षको दोस्रो संस्करणलाई अझ प्रभावकारी, सहभागितामूलक र व्यापक बनाइने आयोजकको भनाइ छ।

आयोजकका अनुसार कर्णालीका युवालाई एउटै मञ्चमा ल्याएर उनीहरूको आवाज, विचार र क्षमता प्रस्तुत गर्ने अवसर दिनु नै महोत्सवको मुख्य उद्देश्य हो।

यसले भविष्यमा कर्णाली प्रदेशको सामाजिक, आर्थिक र सांस्कृतिक विकासमा युवाको भूमिका अझ सशक्त बनाउन सहयोग गर्ने विश्वास व्यक्त गरिएको छ।

# समर्थन मूल्यभन्दा बढीमा गहुँ खरिद

❒ **काँक्रेविहार संवाददाता**
कैलाली, १७ वैशाख

कैलालीका किसानले सरकारले तोकेको समर्थन मूल्यभन्दा बढीमा गहुँ बिक्री गर्न पाउँदा खुसी भएका छन्।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय धनगढीले कैलालीका विभिन्न स्थानमा गहुँ खरिद सुरु गरेसँगै किसान लाभान्वित भएका हुन्।

कम्पनीले बुधबारदेखि टीकापुरबाट किसान तथा कृषि सहकारीमार्फत गहुँ खरिद सुरु गरेको हो। यसअघि मंगलबारदेखि धनगढीको मोहनपुरबाट पनि खरिद प्रक्रिया सुरु गरिएको थियो।

प्रादेशिक कार्यालय धनगढीका वरिष्ठ सहायक पुष्पराज बजगाईंका अनुसार सरकारले यस वर्ष गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल तिन हजार नौ सय ४५ रुपैयाँ तोकेको छ।

किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले खाद्य कम्पनीले प्रति क्विन्टल ४ हजार दुई सय ५० रुपैयाँमा गहुँ खरिद गरिरहेको छ।



बढी मूल्यमा गहुँ बिक्री गर्न पाउँदा किसान उत्साहित भएका छन्। टीकापुर स्थित खाद्य गोदाममा गहुँ बिक्री गर्न पुगेका किसान योगेन्द्र साउँदले अन्य ठाउँको तुलनामा खाद्यमा राम्रो मूल्य पाइरहेको बताए। हामीले राम्रो मूल्य पायौँ त्यसैले खुसी छौँ उनले भने। त्यस्तै जोशीपुर गाउँपालिका छ महादेवाका किसान क्रिमलाल डङ्गौराले पनि तोकिएको मूल्यभन्दा बढी पाउँदा राहत भएको बताए।

उनले सरकारले समयमै मूल्य निर्धारण र खरिद प्रक्रिया सुरु गर्नुपर्ने सुझाव दिए। किसान रमेश चौधरीले भने खेतीको आम्दानी बाटै घरखर्च र बालबालिकाको शिक्षा धान्नुपर्ने भएकाले समयमै बिक्री गर्नुपर्ने बाध्यता रहेको बताए।

उनले सरकारलाई किसान मैत्री नीति अपनाउन आग्रह गरे। खाद्य कम्पनीले कैलालीबाट करिब १० हजार क्विन्टल गहुँ खरिद गर्ने लक्ष्य राखेको छ।

एक किसानबाट बढीमा ७० क्विन्टल र कृषि सहकारीमार्फत पाँच सय क्विन्टलसम्म गहुँ खरिद गरिने योजना रहेको छ।

यस क्षेत्रका बीउ उत्पादन गर्ने सहकारीहरूले पनि समर्थन मूल्यभन्दा बढीमा गहुँ खरिद गरिरहेको बताइएको छ। समर्थन मूल्यभन्दा बढी मूल्य पाउँदा किसानमा उत्साह बढेको र कृषि उत्पादनमा प्रेरणा मिलेको छ।

# चार सय २० हेक्टर वन क्षेत्र प्रभावित

❒ **काँक्रेविहार संवाददाता**
दैलेख, १७ वैशाख

वनक्षेत्र अतिक्रमणको समस्या गम्भीर बन्दै गएको छ। धार्मिक, सामाजिक तथा निजी संरचना निर्माणसँगै वन क्षेत्रमा दबाब बढ्दै गएको डिभिजन वन कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार जिल्लाभर हालसम्म करिब ४२०.२९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ। यसमध्ये ८१ हेक्टर नयाँ अतिक्रमण हो भने तिन सय ३८.८९ हेक्टर क्षेत्र पहिले नै अतिक्रमित भइसकेको थियो।



अतिक्रमण सबैभन्दा बढी चामुण्डा बिन्द्रासैनी नगरपालिका र ठाँटीकाँध गाउँपालिकामा देखिएको छ, जहाँ २४०.१० हेक्टर वनक्षेत्र प्रभावित भएको छ।

यस्तै नारायण नगरपालिका र भगवतीमाई गाउँपालिकामा १३.८९ हेक्टर, डुङ्गेश्वर र गुराँस गाउँपालिकामा १८.९२ हेक्टर, दुल्लु नगरपालिका र भैरवी गाउँपालिकामा ५९.५४ हेक्टर तथा महाबु गाउँपालिकामा ६२.१२ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको तथ्याङ्क सार्वजनिक गरिएको छ।

वन क्षेत्र मासिँदै बसोबास, खेतीपाती र अन्य प्रयोगमा ल्याइनु मुख्य समस्या बनेको छ।

अतिक्रमण नियन्त्रणका लागि डिभिजन वन कार्यालयले पहल सुरु गरेको छ।

कार्यालय प्रमुख अमरप्रसाद साहका अनुसार अतिक्रमित क्षेत्र खाली गराउन सातदिने सूचना जारी गरी सम्बन्धित व्यक्तिलाई स्वेच्छिक रूपमा हट्न आग्रह गरिएको छ।

यसका साथै नारायण, आठबिस र दुल्लु नगरपालिकालगायत स्थानीय तहसँग समन्वय र सहकार्यका लागि पहल भइरहेको छ। वन संरक्षणका लागि स्थानीय तह र समुदायको सक्रिय भूमिका अपरिहार्य रहेको कार्यालयले जनाएको छ।

# लालपूर्जा वितरण अन्तिम चरणमा



❒ **काँक्रेविहार संवाददाता**
रूकुमपश्चिम, १७ वैशाख

चौरजहारीमा नयाँ सहर निर्माण योजनाअन्तर्गत तयार गरिएका घडेरीका अस्थायी लालपुर्जा वितरण प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

चौरजहारी स्थित नयाँ सहर आयोजना कार्यालयले जग्गा विकास तथा एकीकरण कार्यक्रम मार्फत नगरपालिका एक घारीगाउँ क्षेत्रमा विकास गरिएका घडेरीको वितरण अब छिट्टै सम्पन्न हुने जनाएको छ।

आयोजना प्रमुख इन्जिनियर गौरी पण्डितका अनुसार स्थानीयको जग्गामा कुल एक हजार एक सय ८९ कित्ता घडेरी तयार गरिएको छ।

२०७२ सालमा स्थापना भएको आयोजनाले विभिन्न चुनौती पार गर्दै घडेरी वितरणको काम निष्कर्षतर्फ पुऱ्याएको हो।

घडेरी विकासका लागि २०७८ सालमा ठेक्का प्रक्रिया पूरा गरी निर्माण कार्य सुरु गरिएको थियो। करिब छ सय ५० स्थानीयको पाँच सय ८५ रोपनी जग्गामा विकास गरिएको घडेरीमध्ये ११ कित्ता भने बैङ्कद्वारा रोक्का अवस्थामा रहेका छन्।

ती जग्गासम्बन्धी प्रक्रिया अगाडि बढिसकेको र बैङ्कको सहमति तथा अदालतको अनुमति प्राप्त हुनेबित्तिकै नापी र मालपोत कार्यालयसँग समन्वय गरी अस्थायी पुर्जा वितरण गरिने जनाइएको छ।

स्थायी लालपुर्जा भने मालपोत कार्यालयबाट उपलब्ध हुनेछ। अस्थायी पुर्जा वितरणपछि उक्त क्षेत्रमा घडेरी किनबेच र आवास निर्माण तीव्र हुने अपेक्षा गरिएको छ।

आयोजना कार्यालयका अनुसार व्यवस्थित नाला, विद्युत् विस्तार, खानेपानी लगायतका पूर्वाधार विकासका काम पनि निरन्तर अगाडि बढाइनेछ।

सरकारद्वारा घोषणा गरिएका १० नयाँ सहरमध्ये चौरजहारी क्षेत्र सानो उपत्यकाका रूपमा विकास भइरहेको छ।

यहाँ सभा हल, कभर्ड हल, डम्पिङ साइट तथा कृषि उपज संकलन केन्द्र निर्माणाधीन अवस्थामा छन्। यसअघि बसपार्क, सेवा केन्द्र भवन निर्माणका साथै विभिन्न सडक निर्माण, स्तरोन्नति र कालोपत्रे गर्ने काम सम्पन्न भइसकेको छ।

हालसम्म ५७.१ किलोमिटर सडक ट्र्याक खोल्ने, स्तरोन्नति र ग्राभेल गर्ने कार्य पूरा भएको छ भने ११.४ किलोमिटर सडक कालोपत्रे गरिएको छ।

त्यस्तै २.२ किलोमिटर सडक ढलान, चार सय २० मिटर सोलिङ र ३१.७ किलोमिटर नाली निर्माण कार्य सम्पन्न भएको आयोजनाले जनाएको छ।

# राष्ट्रियस्तरको रात्रिकालीन क्रिकेट प्रतियोगिता हुँदै

❒ **काँक्रेविहार संवाददाता**
नेपालगञ्ज, १७ वैशाख

बाँकेको नेपालगन्जमा पहिलो पटक राष्ट्रियस्तरको रात्रिकालीन खुला क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ।

सुनर इभेन्ट प्रालिको आयोजनामा हुन लागेको सो प्रतियोगिता नेत्रहीन विद्यार्थीको सहयोगार्थ सञ्चालन गरिने आयोजकले जनाएको छ।

सुनर इभेन्ट प्रालिका अध्यक्ष नरपतिनाथ योगीका अनुसार प्रतियोगिता यही वैशाख २५ गतेदेखि नेपालगन्ज बसपार्क नजिक विद्युत प्राधिकरण परिसर छेउको खेल मैदानमा सञ्चालन हुनेछ।

राति साढे ७ बजेदेखि मध्यराति १२ बजेसम्म खेल हुने व्यवस्था गरिएको छ। अध्यक्ष योगीले प्रतियोगिता बाट बचत हुने रकम नेत्रहीन विद्यार्थीहरूको शैक्षिक सुधारमा खर्च गरिने जानकारी दिए। उनका अनुसार प्रतियोगितामा देशभरका कम्तीमा ४० टिम सहभागी हुने अपेक्षा गरिएको छ। सहभागी हुन इच्छुक टिमले वैशाख १६ देखि २३ गतेसम्म नाम दर्ता गर्न सक्नेछन्।

प्रतियोगितामा सहभागी हुन प्रत्येक टिमका लागि ११ हजार रुपैयाँ प्रवेश शुल्क तोकिएको छ। विजेता टिमलाई एक लाख रुपैयाँ र उपविजेता टिमलाई ५० हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ।

साथै, 'म्यान अफ द सिरिज' लाई एनएस बजारको तर्फबाट मोटरसाइकल पुरस्कार दिइनेछ भने 'म्यान अफ द म्याच' लाई कृष्टल विद्यालयले ११ हजार रुपैयाँ प्रदान गर्नेछ। आयोजकका अनुसार प्रतियोगितामा करिब आठ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

राष्ट्रिय खेलकुद परिषद्का वरिष्ठ क्रिकेट प्रशिक्षक दिपेन्द्र प्रताप सिंहले नेपालगन्जमा अत्यधिक गर्मी हुने भएकाले पछिल्लो समय रात्रिकालीन क्रिकेट प्रतियोगिता लोकप्रिय बन्दै गएको बताए।

गर्मी मौसममा नेपालगन्ज र आसपासका क्षेत्रमा यस्ता रात्रिकालीन क्रिकेट प्रतियोगिता निरन्तर आयोजना हुँदै आएका छन्।

# एलएलबी कार्यक्रम सञ्चालन हुने

❒ **काँक्रेविहार संवाददाता**
जुम्ला, १७ वैशाख

जुम्लामा स्नातक तहको एलएलबी (कानुन) कार्यक्रम सञ्चालन गर्ने पहलले तीव्रता पाएको छ। पूर्व डिन प्राध्यापक डा. लक्ष्मणकुमार उपाध्याय र प्राध्यापक डा. विजयसिंह सिँजापतिको टोलीले जिल्लामा स्थलगत भ्रमण गर्दै स्थानीय सरोकारवालासँग विस्तृत छलफल गरी कार्यक्रम सञ्चालनको सम्भाव्यता अध्ययन गरेको छ।

हाल जुम्ला बहुमुखी क्याम्पसमा व्यवस्थापन र शिक्षा संकाय मात्र सञ्चालनमा रहेका छन्। कानुन विषयको अध्ययनका लागि विद्यार्थीहरूलाई जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेको छ। जसका कारण अभिभावक र विद्यार्थी दुवैलाई आर्थिक तथा सामाजिक रूपमा थप भार पर्ने गरेको क्याम्पस प्रमुख प्रकाशचन्द्र खत्रीले जानकारी दिनुभयो।

उनका अनुसार जुम्लामै एलएलबी कार्यक्रम सञ्चालन गर्न सके स्थानीय विद्यार्थीलाई ठूलो राहत पुग्नेछ। एलएलबी कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधार र स्रोत जुटाउने कार्य पनि सँगसँगै अगाडि बढाइएको छ।

हालसम्म करिब ९५ लाख रुपैयाँ बराबरको स्रोत सुनिश्चित भइसकेको छ भने आवश्यक जनशक्ति व्यवस्थापनको तयारी पनि पूरा भइसकेको क्याम्पस प्रशासनले जनाएको छ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भएलगत्तै जुम्लामै कानुन शिक्षा सुरु गर्ने लक्ष्य राखिएको छ। सत्य निरूपण तथा मेलमिलाप आयोगका सदस्य तथा वरिष्ठ अधिवक्ता पदमबहादुर शाहीले जुम्लामा कानुन शिक्षा सुरु हुने सम्भावनालाई सकारात्मक रूपमा लिँदै यसले स्थानीयस्तरमा न्यायिक चेतना अभिवृद्धि गर्न सहयोग पुग्ने बताए।

उनले कानुन शिक्षा केवल पेशागत अध्ययन मात्र नभई समाजमा न्याय, अधिकार र उत्तरदायित्वबारे सचेतना फैलाउने महत्वपूर्ण माध्यम भएको धारणा व्यक्त गरे।

कानुन संकाय सञ्चालनका लागि स्थानीय तह, शैक्षिक संस्था र अन्य सरोकारवालाहरूले समेत सक्रिय सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

पूर्व डिन प्राध्यापक डा. विजयसिंह सिँजापतिले त्रिभुवन विश्वविद्यालय कानुन संकाय विस्तारप्रति सकारात्मक रहेको उल्लेख गर्दै सम्भाव्यता अध्ययन टोलीले अनुकूल प्रतिवेदन पेश गर्ने तयारी गरिरहेको जानकारी दिए।

जिल्ला समन्वय समिति प्रमुख गौरीनन्द आचार्यले स्थानीय तहहरूको स्पष्ट प्रतिबद्धताले कार्यक्रम सञ्चालनमा कुनै अवरोध नरहेको बताउँदै अनुगमन टोलीलाई छिटो यथार्थपरक प्रतिवेदन पेश गर्न आग्रह गरे। उनले जुम्लाजस्तो दुर्गम क्षेत्रमा उच्च शिक्षा विस्तार हुनु विकासका दृष्टिले महत्वपूर्ण उपलब्धि हुने उल्लेख गरे

हालै आयोजित एलएलबी कार्यक्रम विस्तारसम्बन्धी अन्तरक्रिया कार्यक्रममा विभिन्न क्षेत्रका प्रतिनिधिहरूले कानुन शिक्षा अभावमा समाज पूर्ण रूपमा न्यायमुखी हुन नसक्ने धारणा राखेका छन्।

उनीहरूले जुम्लामा कानुन संकाय सञ्चालन हुनु केवल शैक्षिक अवसर विस्तार मात्र नभई न्यायमा पहुँच वृद्धि गर्ने ऐतिहासिक कदम हुने बताएका छन्।

राजनीतिक दलहरूले पनि यस पहलमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। नेपाली कांग्रेसका उपसभापति कर्मा बुढा र एमाले नेता आदि प्रसाद न्यौपानेले दलगत रूपमा आवश्यक सहयोग गर्ने बताएका छन्।

समग्रमा, जुम्लामा एलएलबी कार्यक्रम सञ्चालनको पहलले गति लिएको छ र सम्बन्धन प्राप्त भएलगत्तै कार्यान्वयनमा जाने अपेक्षा गरिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# विद्यालय समायोजन र दरबन्दी मिलान



काँक्रेविहार संवाददाता
सल्यान, १७ वैशाख

कुमाख गाउँपालिकाले सामुदायिक विद्यालयहरूको संरचना पुनः व्यवस्थित गर्दै समायोजन, तह घटुवा तथा शिक्षक दरबन्दी मिलानको काम सम्पन्न गरेको छ।

गाउँ शिक्षा समितिको २०८१ फागुन १५ गतेको निर्णयअनुसार उक्त प्रक्रिया कार्यान्वयनमा ल्याइएको प्रमुख प्रशासकीय अधिकृत भूपाल खड्काले जानकारी दिए।

पालिकाले सार्वजनिक गरेको विवरणअनुसार दुई दर्जनभन्दा बढी विद्यालयमा तह परिवर्तन गरिएको छ। केही विद्यालयलाई कक्षा एक र तिन सम्म सीमित गरिएको छ भने कतिपयलाई बालविकास केन्द्रमा रूपान्तरण गरिएको छ।

साथै, केही विद्यालयलाई नजिकका विद्यालयसँग समायोजन गरिएको पनि जनाइएको छ। कक्षा एक र तिन सम्म सञ्चालन भएका छ विद्यालयलाई बालविकास केन्द्रमा रूपान्तरण गरिएको छ।

एक र पाँच सम्म सञ्चालन भएका सात विद्यालयलाई एक र तिन मा झारिएको छ। त्यस्तै, कक्षा एक र आठ सम्म सञ्चालनमा रहेका चार विद्यालयलाई एक र पाँच मा सीमित गरिएको छ भने कक्षा १० सम्म रहेको एक विद्यालयलाई कक्षा आठ सम्म झारिएको छ।

साथै एक र पाँच सम्म सञ्चालन भएको एक विद्यालय र एउटा बालविकास केन्द्रलाई नजिकका विद्यालयमा गाभिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय समायोजन कार्यविधि, २०८० अनुसार यो पुनर्संरचना गरिएको गाउँपालिकाले जनाएको छ।

सोहीअनुसार शिक्षक दरबन्दी मिलान गरी आवश्यकताअनुसार शिक्षकहरूलाई विभिन्न विद्यालयमा सरुवा गरिएको छ। दरबन्दी मिलानपछि २४ जना शिक्षक तथा कार्यालय सहयोगीको व्यवस्थापन गरिएको छ।

सम्बन्धित शिक्षकहरूले पालिकाबाट पत्र बुझी तोकिएको विद्यालयमा अनिवार्य रूपमा हाजिर हुनुपर्ने व्यवस्था गरिएको छ। साथै, तह घटुवा भएका विद्यालयहरूले निर्धारण गरिएको कक्षासम्म मात्र विद्यार्थी भर्ना लिन पाउनेछन्।

गाउँपालिकाले शैक्षिक गुणस्तर सुधार, स्रोतको प्रभावकारी उपयोग र विद्यालय व्यवस्थापनलाई व्यवस्थित बनाउन यस्तो निर्णय गरिएको जनाएको छ।

# करमा दायरा विस्तारको तयारी




काँक्रेविहार संवाददाता
सुर्खेत, १७ वैशाख

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ देखि करको दायरा विस्तार गर्ने तयारी तीव्र बनाएको छ।

आर्थिक ऐनमार्फत नयाँ करका क्षेत्र समेट्ने योजनासहित आर्थिक मामिला तथा योजना मन्त्रालयले विभिन्न सम्भावनाबारे विस्तृत छलफल गरिरहेको जनाएको छ।

प्रदेशमा हाल करका स्रोत सीमित हुँदा आन्तरिक आम्दानी अपेक्षाकृत न्यून रहेको छ। यही अवस्थालाई सुधार गर्न राजस्व परामर्श समितिले कर विस्तारसम्बन्धी प्रतिवेदन तयार पार्ने काम अघि बढाएको छ।

मन्त्रालयका वरिष्ठ राजस्व अधिकृत गणेशबहादुर चन्दका अनुसार प्रदेश सरकार अब आफ्नो अधिकारक्षेत्रभित्र रहेका करहरू व्यवस्थित रूपमा संकलन गर्न प्रतिबद्ध बनेको छ।

संघीय संरचना कार्यान्वयनमा आएको लामो समय बितिसक्दा पनि घरजग्गा रजिष्ट्रेसन शुल्कजस्ता केही करहरू अझै संघीय सरकारले उठाइरहेको अवस्थामा प्रदेशले आफ्ना अधिकार सुनिश्चित गर्ने रणनीति लिएको छ।

स्थानीय र प्रदेश सरकारको साझा अधिकारभित्र पर्ने विषयहरूमा समन्वय गर्दै कर प्रणालीलाई सुदृढ बनाउने प्रयास भइरहेको छ।

चालु आर्थिक वर्षबाट सुरु गरिएको कृषि आयकरलाई अझ व्यवस्थित र प्रभावकारी बनाउने तयारी छ। साथै सवारीसाधन करलाई पनि व्यवस्थित गर्दै यसको दायरा विस्तार गर्ने योजना बनाइएको छ।

अन्य सम्भावित करका क्षेत्रहरूको पहिचान गरी आगामी आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ।

प्रदेश सरकारले खेतीयोग्य जमिन बाँझो राख्न नदिने नीति पनि अघि सारेको छ। यसअनुसार १० रोपनीसम्म जमिन बाँझो राखेमा वार्षिक पाँच सय रुपैयाँ, १० देखि २० रोपनीसम्म एक हजार रुपैयाँ र २० रोपनीभन्दा बढी जमिन बाँझो राखेमा एक हजार पाँच सय रुपैयाँ जरिबाना तोकिएको छ।

यसले उत्पादन वृद्धि र जमिनको सदुपयोगमा टेवा पुग्ने विश्वास गरिएको छ। राजस्व संकलनलाई प्रभावकारी बनाउन प्रदेश सरकारले छुट्टै राजस्व शाखा गठन गर्नुका साथै राजस्व परामर्श समिति सक्रिय बनाएको छ।

समितिअन्तर्गत चार उपसमिति गठन गरी राजस्व सुधार, स्रोत पहिचान तथा कर प्रशासन सुदृढीकरणका क्षेत्रमा काम भइरहेको छ।

चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा प्रदेश सरकारले ४८ करोड तीन लाख ९५ हजार आठ सय ६२ रुपैयाँ आन्तरिक आम्दानी संकलन गरेको छ।

यस अवधिमा वन क्षेत्रबाट मात्रै करिब आठ करोड रुपैयाँ राजस्व संकलन भएको छ, जसले आगामी दिनमा यस क्षेत्रबाट अझ बढी आम्दानी हुने सम्भावना देखाएको छ।

यद्यपि बजेट कार्यान्वयनमा केही कमजोरी देखिए पनि आन्तरिक आम्दानी सुधारतर्फ प्रदेश सरकारले प्रगति हासिल गरेको छ।

आगामी वर्षहरूमा कर प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र दायरा फराकिलो बनाउँदै प्रदेशको आर्थिक आत्मनिर्भरता मजबुत बनाउने लक्ष्य राखिएको छ।

# सहकारी संघले बचत तथा ऋणको कारोबार गर्न नपाउने




काँक्रेविहार संवाददाता
काठमाडौं, १७ वैशाख

सरकारले अब विषयगत सहकारी संघहरूलाई बचत तथा ऋणको कारोबारमा प्रतिबन्ध लगाउने भएको छ। सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी गर्दै सरकारले सहकारी संघले बचत तथा ऋणको कारोबार गर्न नपाउने व्यवस्था गरेको हो।

सहकारी ऐन, २०७४ मूल ऐनको दफा ५० मा संशोधन गर्दै ऐनको दफा ५० को (१) उपदफा (५) मा रहेका 'पाइने छैन' भन्ने शब्दहरू पछि 'र सहकारी संस्थाले लिने कुल ब्याज सावाँ रकमभन्दा बढी हुने छैन' भन्ने शब्दहरू थपिएका छन्।

'अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संघले बचत तथा ऋणको कारोबार गर्न सक्ने छैनन्' भनिएको छ। यसको मतलब बचत तथा ऋणको कारोबार गर्ने गरी इजाजतपत्र लिएका सहकारीबाहेक विषयगत छाता संगठनको रूपमा खुलेका/खोलिएका विषयगत संघहरूले यस्तो कारोबारमा सहभागी हुन पाउने छैनन्।

हालसम्म यस्ता विषयगत सहकारी संघहरूले पनि बचत तथा सहकारीको काम गर्दै आएका छन्। तथापि, यो उपदफा प्रारम्भ हुँदाका बखत बचत तथा ऋणको कारोबार गरिरहेका सहकारी संघहरूले यो उपदफा प्रारम्भ भएको मितिले तीन वर्षभित्र उक्त कारोबार बन्द गर्नुपर्ने अध्यादेशले भनेको छ।

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५

# बाली उपचार शिविरमार्फत निःशुल्क सेवा प्रदान




काँक्रेविहार संवाददाता
बाँके, १७ वैशाख

कोहलपुर नगरपालिकाले नगरका विभिन्न वडामा पुगेर किसानलाई बाली उपचार शिविरमार्फत निःशुल्क सेवा प्रदान गरिरहेको छ।

कृषि विकास शाखाले किसानको खेतबारीमै पुगेर बालीमा लाग्ने रोग, कीरा तथा अन्य समस्याको पहिचान गरी स्थलगत उपचार तथा प्राविधिक सल्लाह दिइरहेको हो।

कृषि विकास शाखा प्रमुख कल्पना नेपालीका अनुसार शिविरमार्फत जैविक विधिबाट बाली संरक्षण गर्ने उपायबारे सचेतना फैलाइएको छ।

साथै विषादीको जथाभावी प्रयोग रोक्न किसानलाई प्रोत्साहित गरिएको छ। उनले किसानले आफ्ना बालीका नमुना ल्याएर परीक्षण गराउने, समस्या सोध्ने र समाधान पाउने अवसर पाएको बताइन्।

प्राविधिक सहायक कालिका आचार्यका अनुसार वार्षिक कार्यक्रमअनुसार वडा नम्बर १५ र १४ मा शिविर सञ्चालन गरिएको हो।

वडा १५ मा करिब एक सय जना किसान र वडा १४ हवल्दारपुरस्थित कृषि हाटबजारमा ४० भन्दा बढी किसान लाभान्वित भएका छन्।

बाली संरक्षण प्रयोगशाला खजुराका विज्ञ डाक्टरसहित कृषि प्राविधिकहरूको टोलीले किसानले ल्याएका नमुनाको परीक्षण गर्दै समस्या पहिचान र समाधानका उपायहरूबारे जानकारी दिएको थियो।

आचार्यका अनुसार सम्पन्न किसानहरू प्रायः प्रयोगशालासम्म पुग्ने भए पनि विपन्न किसानको पहुँच नहुने भएकाले उनीहरूलाई लक्षित गरी घरदैलोमै पुगेर सेवा दिइएको हो।

यसले धेरै किसानलाई प्रत्यक्ष लाभ पुगेको उनले बताइन्। कृषि शाखाले यस्ता कार्यक्रमले अनुसन्धान र किसानबीचको सम्बन्ध मजबुत बनाउनुका साथै कृषि उत्पादनमा हुने क्षति घटाउन सहयोग पुगेको जनाएको छ। आगामी वैशाख २१ र २२ गते नगरपालिकाको परिसरमा माटो परीक्षण शिविर पनि सञ्चालन गर्ने तयारी गरिएको छ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)